// रेसुङ्गा नगरपालिका

स्थानीय राजपत्र

खण्ड - १, संख्या -२,    फागुन ९ गते,   २०७५ साल

भाग-१

रेसुङ्गा नगरपालिका

सम्वत् २०७५ सालको ऐन नं. ७

# रेसुङ्गा नगरपालिकाको शिक्षा ऐन, २०७५

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई शिक्षा कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम रेसुङ्गा नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम रेसुङ्गा नगरपालिकाको शिक्षा ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "ऐन" भन्नाले रेसुङ्गा नगरपालिकाको शिक्षा ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले रेसुङ्गा नगरपालिकाको शिक्षा नियमावली सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले रेसुङ्गा नगरपालिका सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले रेसुङ्गा नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ

(ङ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(च.) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई शिक्षा क्षेत्रमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त कार्यपालिकाले नियमावली, कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियमवली, कार्यविधि, बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

(३) यस ऐनमा उल्लेखित विषय यसै बमोजिम र बाँकी अन्य व्यवस्थाहरु नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

प्रमाणीकरण मितिः २०७५/११/०९

आज्ञाले

भक्तिराम मरासिनी

प्रमुख प्रशासकीय अधिकृत